Australian Government

Department of Agriculture
and Water Resources

# अष्ट्रेलियामा अध्ययन

जैविक सुरक्षा



तपाईं अष्ट्रेलियामा अध्ययन गर्न जाने अन्तर्राष्ट्रिय विद्यार्थी हो भने आफ्ना व्यक्तिगत वस्तुहरू प्याक गर्दा अष्ट्रेलियाको जैविक सुरक्षा आवश्यकताहरूलाई ध्यान दिनु महत्त्वपूर्ण हुन्छ। विदेशका निश्चित खाना, वनस्पति सामग्री तथा जनावरका पदार्थहरूले अष्ट्रेलियामा गम्भीर हानिकारक किराहरू तथा रोगहरू निमत्याउन सक्छ र हाम्रो मूल्यवान कृषि र पर्यटन उद्योगहरू तथा अद्वितीय वातावरणलाई विनाश गर्न सक्छन्।

केही उत्पादनहरूलाई ल्याउन अनुमति नदिन सक्छ भने अरू केही बस्तुहरू निश्चित जैविक सुरक्षा आयात अवस्थाहरू पूरा गर्छन् भने मात्र तिनीहरूलाई ल्याउने अनुमति दिइन्छ। ।

वस्तुहरूको घोषणा गर्न असफल भएमा ठाउँको ठाउँ मै जरिवाना वा कारवाही निम्त्याउन सक्छ। तपाईंले ल्याएको वस्तु बारे शंका छ भने यसबारे बताउनुहोस् वा यसलाई विल्कुलै नलैजानुहोस्।

तपाईंले खाना, वनस्पति सामग्री वा जनावरका उत्पादनहरू ल्याउनु भएको छैन भने विमानस्थलबाट जाँचपास गरि निस्कने प्रक्रिया छिटो हुन्छ। अधिकांश वस्तुहरू अष्ट्रेलियामा सजिलैसँग खरिद गर्न सकिन्छ।

तपाईंलाई विदेशबाट भेट्न आउनुहुने परिवार तथा साथीहरूलाई अष्ट्रेलियामा खाना, वनस्पति पदार्थ वा जनावरका उत्पादनहरू नलिइ आउन भन्नु महत्त्वपूर्ण हुन्छ।



# अनुमति प्राप्त उत्पादनहरू

## खाद्य पदार्थ

निम्न व्यावसायिक रूपमा तयार गरिएको र प्याक गरिएका उत्पादनहरू ल्याउन अनुमति छ:

- ✓ ब्रेकफास्ट सिरियल
- ✓ चकलेट
- ✓ कफि (तयारी, पिनेको/धुलो वा पोकेलो (कोपी लुवाक बाहेक)
- ✓ मिठाई उत्पादनहरू (भारतिय दुग्ध मिठाई र मासुबाट बनेको मिठाई बाहेक)
- ✓ तयारी चाउचाउ
- ✓ मुसेली बारहरू
- ✓ सादा पाउरोटी, रोल वा बनहरू (भित्र वा बाहिर अरू खाद्य पदार्थ नथपेको)
- ✓ चिया (कालो र हरियो चिया मात्रै)
- ✓ सेतो भात







## घरायसी वस्तु तथा लुगाहरू

यी वस्तुहरूलाई अष्ट्रेलिया आउनुभन्दा अगाडि नै सफा र बिउ, माटो, बोक्रा, किरा, खानाका अवशेष, जनावरको टिशु र वनस्पतिका टुक्रा तथा अन्य जैविक सुरक्षा जोखिमका सामग्रीबाट स्वतन्त्र राख्नुपर्छ।

- ✓ बाँसका वस्तुहरू (ताजा वा हरियो बाँसबाट नभइ सुकेको बाँसबाट बनेको हुनुपर्छ)
- ✓ बिस्तराका सामान
- ✓ लुगाहरू
- ✓ व्यावसायिक रूपमा तयार पारिएका र प्याक गरिएका कस्मेटिक तथा व्यक्तिगत सरसफाइका उत्पादनहरू
- ✓ नरम प्याँख तथा भुत्ला भरिएका वस्तुहरू (ज्याकेट, स्लिपिङ ब्याग, सिरक र सिरानीहरू सहित)।
- ✓ भान्सा उपकरण (प्यान, ब्लेन्डर तथा राइस कुकरहरू सहित)
- ✓ सांगीतिक बाजाहरू
- ✓ जुत्ताहरू
- ✓ काठका वस्तुहरू

ध्यान दिनुहोस् कि केही खेलौना, हिट पिलो, स्नो डोम र स्मारक सामाग्रीहरूमा आयात शर्त लागु हुने बस्तुहरू हुन सक्छ जस्तै कटनको मैला, गहुँ, बीउ, सिमी, माटो, घाँसपात वा पानी।





## अन्य वस्तुहरू

निम्नलिखित वस्तुहरू जैविक सुरक्षा जोखिमका वस्तुहरू होइनन् र यिनीहरूलाई अष्ट्रेलिया ल्याउन अनुमति दिइन्छः

- ✓ मदिराजन्य पेयपदार्थहरू, चुरोट र अन्य सुर्तीजन्य उत्पादनहरू
- ✓ विद्युतीय उपकरण (ल्याप्टप, ट्याब्लेट, फोन र क्यामेराहरू सहित)
- ✓ मूल्यवान वस्तुहरू (गरगहना, घडी तथा मुद्राहरू सहित)।

यी आयत सामग्रीहरूलाई गृह मामिला विभाग (Department of Home Affairs) द्वारा विनिमय गरिन्छ र यी वस्तुहरूलाई लैजान दिनु अगाडि तिनीहरूले यिनलाई निरीक्षण गर्न र पठाउन योग्य ठम्याउन आवश्यक पर्न सक्छ। सीमाबाट सामानहरू छुटाउने र आयत शुल्क तथा करहरूको बारेमा थप जानकारीका लागि **homeaffairs.gov.au** मा हेर्नुहोस्।.

पसलको काउण्टरबाट किन्न पाइने औषधि, भिटामिन र अन्य थेराप्यूटिक (उपचार गर्ने) वस्तुहरूको लागि, कृपया थेराप्यूटिक वस्तु प्रशासन (Therapeutic Goods Administration) को **tga.gov.au** मा गएर हेर्नुहोस्।







# निम्न चीजहरू नल्याउनुहोस्

- ✕ दुग्ध उत्पादनहरू (दुध, चिज, दहि र बतर सहित)
- ✕ अण्डा र अण्डाका उत्पादनहरू (पुरै, सुकेको तथा पिनेको अण्डा, शताब्दी/पुरानो अण्डा, अण्डा चाउचाउ तथा अण्डाबाट बनेको मायोनेज, सस वा कस्तर्ड/खांड सहित)
- ✕ फूलहरू (ताजा काटेको वा सुकेको)
- ✕ जनावरहरूको लागि बनाईएको खाना वा औषधिहरू (वरमिंग/किटाणु ट्याबलेट, एन्टीबायोटिक्स, डिब्बामा राखेको वा सुकेको पशु खाना सहित)
- ✕ फलफूल र तरकारीहरू (खजूर, स्याउ, केरा र साइट्रस फलफूल सहित)
- ✕ घरमा पकाइएका खानाहरू (व्यावसायिक रूपमा तयार नपारिएका र प्याक नगरिएका सबै खाना)
- ✕ जीवित जनावरहरू (स्तनधारी, चराका अण्डा, किरा, उभयचर, रेप्टाइल्स, माछा वा सिल्कवर्महरू सहित)
- ✕ तपाईंको उडानमा प्राप्त खाना वा स्न्याकहरू (फलफुल, दहि, दुधको पेय तथा स्यान्डवीच लगायत)
- ✕ मासु (सलामी, ससेज र ह्याम सहित)
- ✕ जीवित बिरूवाहरू (रोपेको तथा काटिएको सहित)
- ✕ दालहरू (सिमी, दाल, केराउ र काबुली चना सहित)
- ✕ बिउ र नटहरू (बादाम आदि)
- ✕ रोप्नको लागि बिउहरू वा बल्बहरू
- ✕ माटो (स्यामपल, नमूनाहरू र उपकरण वा जूत्ताका फोहरहरू सहित)
- ✕ फोहोर लागेको वा भिजेको खेल्ने/क्याम्पिङ उपकरण
- ✕ जडीबुटी, जनावरका उत्पादन भएका परम्परागत उपचार र औषधिहरू वा सुख्खा बनाइएका च्याउ औषधि (यसमा कडा आयात शर्तहरू लागू हुन्छ)।











# प्याक गर्दा

तपाईंले आफ्नो झोला आफै प्याक गर्नुपर्छ र त्यसका सबै सामग्रीहरू प्रति सचेत हुनुपर्छ। तपाईंको झोलामा रहेका सबै वस्तुहरूको जिम्मेवारी तपाईंले नै लिनुपर्छ।

अध्यागमनमा घोषणा गर्नु पर्ने वस्तुहरूलाई छुट्टै प्याक गर्नुपर्छ वा झोलाको माथि तिर राखेर प्याक गर्नुपर्छ ।

# आगमनमा

तपाईं अष्ट्रेलिया आइपुग्नु भन्दा अगाडि तपाईंलाई आगमन यात्रु कार्य (Incoming Passenger Card) दिइनेछ। तपाईंले खाना, वनस्पति सामग्री वा जनावरका उत्पादनहरू बोक्नुभएको छ भने आफ्नो कार्डमा यस (YES) मा चिह्न लगाउनुपर्छ।
वस्तुहरूको घोषणा गर्न असफल भएमा ठाउँको ठाउँ मै जरिवाना वा कारवाही निम्त्याउन सक्छ।

तपाईंलाई खाना, वनस्पति सामग्री तथा जनावरका उत्पादनहरूलाई विमानस्थलमा अवस्थित जैविक सुरक्षा बिनहरूमा स्वेच्छापूर्वक फाल्ने गर्ने अवसर दिइनेछ। उडानको अवधिमा बिमानमा प्राप्त भएका कुनै पनि खानालाई फाल्न नबिर्सिनुहोस्।

जैविक सुरक्षा सरोकारका वस्तुहरू पहिचान गर्नको लागि तपाईंको ब्यागेजको मूल्याङ्कन गरिन सक्छ। यस अन्तर्गत जैविक सुरक्षा अधिकारीहरूद्वारा सोधपूछ वा ब्यागेजको एक्स-रे, जाँच्ने (डिटेक्टर) कुकुरको प्रयोगबाट परीक्षण र/वा भौतिक निरीक्षण समावेश हुनसक्छन्।

तपाईंका वस्तुहरूले अष्ट्रेलियाको आयात सामग्री आवश्यकताहरू पूरा गर्दैनन् भने तिनीहरूलाई तपाईंको खर्चमा उपचार, निर्यात वा विनाश गर्न निर्देशिन गर्न सकिन्छ।

जैविक सुरक्षा जोखिम ननिम्त्याउने उत्पादनहरू निरीक्षण पछि तपाईंलाई फिर्ता गरिनेछ।

# घरबाट पठाईएका सामानहरू

हुलाकद्वारा अष्ट्रेलिया पठाउने वस्तुहरूलाई पनि समान आयात शर्तहरू लागू हुन्छ। तपाईं अष्ट्रेलियामा अध्ययन गरिरहेको विद्यार्थी हो भने तपाईंको परिवार र विदेशी साथीहरूलाई अष्ट्रेलियाको जैवीक सुरक्षा कानूनहरूको बारेमा बताउन र उहाँहरूलाई खाना, बोटबिरूवाका पदार्थहरू वा जनावरका उत्पादनहरू नपठाउन अनुरोध गर्न महत्त्वपूर्ण हुन्छ।

# थप जानकारी

अष्ट्रेलियामा सामानहरू ल्याउने वा अष्ट्रेलियाबाट सामग्री पठाउने बारेमा जानकारीको लागि **agriculture.gov.au/travelling** मा जानुहोस् वा **airports@agriculture.gov.au** मा इमेल गर्नुहोस्।

विस्तृत आयात शर्तहरूको लागि **agriculture.gov.au/bicon** मा जानुहोस्।



कृषि तथा जल स्रोत विभाग (Department of Agriculture and Water Resources)

फोन: 1800 900 090 वा
+ 61 3 8318 6700 (अष्ट्रेलिया बाहिरबाट)

**agriculture.gov.au/studying**

Facebook: Australian biosecurity
Twitter: @DeptAgNews

BIO3225_1117